# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.स. २०८२।०८३ (प्रशासन)
च.न.

मिति २०८२/०९।०८

विषयः तह वृद्धिको लागि आवेदन दिने सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा स्थानीय तह (गठन तथा संचालन) ऐन, २०७९ को दफा ३० को उपदफा (१) मा गरिएको तहवृद्धिको व्यवस्था वमोजिम आवश्यक योग्यता र सेवा अवधि पुगेका यस कार्यालय र अन्तर्गतमा कार्यरत इच्छुक कर्मचारीहरुले यस कार्यालयको मिति २०८२।०९।०७ गतेको स्तर वृद्धि सिफारिस समितिको निर्णय अनुसार स्तर वृद्धिको लागि देहायका कागजातहरु सहित १५(पन्ध्र) दिन भित्र यस रत्ननगर नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क) तह वृद्धिका लागि आवश्यक योग्यता

१. तह वृद्धि हुने पद भन्दा एक तहको मुनिको पदमा पाँच वर्ष स्थायी सेवा पुगेको खुल्ने कागजातहरु ।

२. तह वृद्धिका लागि अध्यादेशमा तोकिए वमोजिमको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

३. पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्यांकनमा औपत पन्चानव्वे प्रतिशत अंक प्राप्त गरेको का.स.मु. फारम ।

ख) यस कार्यालय वा अन्तर्गत चौथो तहमा कार्यरत स्थायी कर्मचारीहरुले पनि सोही ऐनको दफा ९ को उपदफा २ वमोजिम तह वृद्धिको लागि समेत इच्छुक कर्मचारीहरुले सोहि अवधि भित्र निवेदन पेश गर्नुहुन ।

२०८२/०९/०८

..............................
प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np

CamScanner